# स्थानीय राजपत्र

## बेथानचोक गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २ बेथानचोक , काभ्रे २०८१ चैत्र २९ गते , २०८१ साल

# भाग- २

## बेथानचोक गाउँपालिका, काभ्रेपलाञ्चोक

# सूचना

बेथानचोक गाउँपालिकाको कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

**बेथानचोक गाउँपालिका**

**टोल सुधार समिति सञ्चालन कार्यविधि २०८१**

# बेथानचोक गाउँपालिकाको

# टोल सुधार समिति सञ्चालन कार्यविधि २०८१

**प्रस्तावना :**

सामुदायिक प्रयासमा टोलको समितिगत, सामाजिक तथा आर्थिक सुधार, स्थानीय स्तरमा सुशासन प्रवर्द्धन गर्न गाउँपालिकाका बस्तीहरुमा निश्चित भौगोलिक क्षेत्रभित्र रहेका सबै घरधुरी सदस्य रहने गरी स्थानीय श्रोत, साधन र जनशक्तिको उपयोग गरी जीवनस्तर उकास्ने साथै आफ्नो टोलको समस्याको समाधान आफुबाटै समाधान गर्ने र आफुबाट समाधान गर्न नसकेमा सम्बन्धित निकायसम्म आफ्ना समस्या पुऱ्याई समाधान गर्नसक्ने सक्षम नागरिक बनाउने अभिप्रायले टोल सुधार समिति गठन गर्न आवश्यक देखिएको हुँदा स्थानीय स्तरमा वडा समितिको मातहत तथा सहयोगीको रुपमा रहने गरी गठन गरिने टोल सुधार समिति र सो समितिको कामलाई व्यवस्थित गर्न बेथानचोक गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि बनाई जारी गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम गाउँपालिकाको टोल सुधार समिति सञ्चालन कार्यविधि, २०८१ रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

(क) "टोल सुधार समिति" भन्नाले कुनै निश्चित टोल समुदायको सबै घरधुरीहरुलाई समेटेर गठन गरिएको समितिलाई सम्झनु पर्छ ।

(ख) "गाउँपालिका" भन्नाले बेथानचोक गाउँपालिकालाई सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(घ) "कार्यालय" भन्नाले बेथानचोक गाउँपालिका कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(ङ) "वडा कार्यालय" भन्नाले गाउँपालिकाको वडा कार्यालयलाई सम्झनु पर्छ ।

(च) "कार्य समिति" भन्नाले टोल सुधार समितिको कार्य समितिलाई सम्झनु पर्छ ।

(छ) "अध्यक्ष" भन्नाले समितिको अध्यक्षलाई सम्झनु पर्छ ।

(ज) "उपाध्यक्ष" भन्नाले समितिको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(झ) "सचिव" भन्नाले समितिको सचिवलाई सम्झनु पर्छ ।

(ञ) "कोषाध्यक्ष" भन्नाले समितिको कोषाध्यक्षलाई सम्झनु पर्छ ।

(ट) "सदस्य" भन्नाले टोल सुधार समितिको सदस्यलाई सम्झनु पर्छ र सो शब्दले टोल क्षेत्रभित्र बसोवास गर्ने घरमुली वा घरको प्रतिनिधित्व गरी टोल सुधार समितिमा आवद्ध हुने सम्पूर्ण घरधुरीलाइ समेत सम्झनु पर्छ ।

(ठ) "पदाधिकारी" भन्नाले समितिको कार्यसमितिका सबै सदस्यलाई सम्भनु पर्छ ।

(ड) "सभा" भन्नाले टोल सुधार समितिको साधारण र विशेष सभालाई सम्झनु पर्छ ।

३. टोल सुधार समिति गठन गरिने स्थान :

(क) गाउँपालिका क्षेत्रभित्रको विभिन्न टोलहरुमा सबै घरपरिवार समेटिने गरी टोल सुधार समिति गठन

गरिनेछ ।
(ख) गाउँपालिकाले आवश्यक ठानेमा कुनै पनि वडाको कुनै पनि क्षेत्रमा टोल सुधार समिति गठन गर्न सक्नेछ ।
२
४.टोल सुधार समितिको कार्यक्षेत्र र सिमाना :
(क) कुनै पनि टोल सुधार समितिको कार्य क्षेत्र र सिमाना गाउँपालिकाले तोकेको सिमाना अनुसार हुनेछ ।
(ख) टोल सुधार समितिको क्षेत्रफल ठूलो वा धेरै घर संख्या भएमा भौगोलिक, धार्मिक, सांस्कृतिक आदिलाई आधार मानी एउटा वा एकभन्दा बढी टोल सुधार समिति गठन गर्न सकिने छ ।
५. टोल सुधार समिति गठन गर्नुका मुख्य उद्देश्यहरु :
(क) टोल, बस्तीस्तरमा विभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा टोलबासीको पहुँच अभिवृद्धी गर्ने,
(ख) टोलबासीहरुमा उद्यमशीलताको सुधार गराई टोलस्तरमा लघु उद्यमको सिर्जना, सुधार र प्रवर्द्धन गर्ने ।
(ग) टोल बस्तीस्तरमा समानता, समताको भावना जागृत गराउने, आपसी सद्भाव, समझदारी, समन्वय र मेलमिलाप कायम गराउने,
(घ) आर्थिक, सामाजिक सवालमा सबै टोलबासीहरुलाई निर्णय प्रक्रियामा समान अवसर र अधिकार प्रदान गर्ने,
(ङ) टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरी सुशासनलाई बढावा दिने,
(च) बस्ती टोलस्तरमा सबै समितिहरुको प्रवेशद्धारको रुपमा टोल सुधार समितिलाई सुधार गर्दै विभिन्न निकायहरुबाट सञ्चालन हुने सुधार कार्यमा सहयोग गर्ने,
(छ) टोल सुधार समितिलाई वडाभन्दा तल्लो एकाइको रुपमा सुधार गरी सहभागितात्मक योजना तर्जुमा, अनुगमन मूल्याङ्कन प्रक्रियामा सहभागी गराउने,
(ज) टोलका सदस्यहरुमा गरिबीलाई निश्चित आधारमा वर्गीकरण गरी तिनीहरुको अभिलेख तयार गर्ने,
(झ) स्वास्थ्य तथा वातावरणीय सरसफाई आदि सम्बन्धित विषयमा जनचेतना अभिवृद्धि गर्ने ।
(ञ) टोलको विपन्न तथा वञ्चितीमा परेका टोलवासीहरुको क्षमता अभिवृद्धि गर्ने ।
(ट) टोलमा रहेका विकृती, विसंगतीहरुको पहिचान गर्ने र सोको उन्मुलनका कार्यक्रमहरु संचालन गने । (
ठ) सडक तथा ढल प्रणालीलाई ब्यवस्थित र सुधारका कार्यहरु गर्ने ।
(ड) चर्पी, फोहोरमैला ब्यवस्थापन प्रणाली सुधार कार्य गर्ने ।
(ढ) टोलको भौतिक पूर्वाधारका सुधार निर्माण कार्यमा सकृयताका साथ एकजुट हुने ।
(ण) वातावरणमैत्री तथा बालमैत्री गाउँपालिका घोषणा गर्न आवश्यक सहयोग गर्ने ।
(त) आफ्नो टोल वडालाई सबै किसिमबाट असल नमुना टोलको रुपमा निर्माण गर्न लागि पर्ने ।
(थ) संघ, प्रदेश र स्थानीय सरकारको अभियानमा आवश्यक सहयोग गर्ने ।
६. गठन विधि :
(क) गाउँपालिका क्षेत्रका बस्तिहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल सुधार समितिको गठन गरिने छ ।

(ख) पहिलो पटकका लागि टोल सुधार समितिको व्यापक भेलाबाट टोल सुधार समितिको कामलाई व्यवस्थित गर्न अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको एक टोल सुधार कार्य समिति गठन हुनेछ। तर दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पुनर्गठन हुनेछ। टोल सुधार कार्य समितिको अवधि २ वर्षको हुनेछ। एक पटक अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव भएको व्यक्ति पुनः सोही पदमा लगत्तै दुई वर्षको अवधि व्यतित नभई नियुक्त हुने छैन। कार्य समितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कुनै एक जना अनिवार्य रुपमा महिला हुनुपर्नेछ।

(ग) टोल सुधार समिति गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेट्नु पर्दछ। सो सम्भव नभए कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल सुधार समिति गठन गरिनेछ। टोल सुधार समितिमा सहभागी भएका सदस्यहरु मध्ये कम्तीमा ३३ प्रतिशत महिला आवद्ध गराउनु पर्नेछ।

(घ) टोल सुधार समितिको व्यवस्थापन ढाँचालाई स्पष्ट पार्न अनुसूचि-१ मा उल्लेखित नमूना विधानका आधारमा टोल सुधार समितिको विधान तयार गर्नुपर्नेछ।

(ङ) समन्वय र मेलमिलाप कायम गराउँदै सामाजिक ऐक्यवद्धता कायम गर्ने।

७. कार्यसमितिको पदाधिकारी संख्या :

(१) अध्यक्ष १ जना

(२) उपाध्यक्ष १ जना

(३) सचिव १ जना

(४) कोषाध्यक्ष १ जना

(५) सदस्य आवश्यकता अनुसार ७ देखि बढीमा ११ जनासम्म

८. दर्ता : टोल सुधार समितिको दर्ता देहाय बमोजिम हुनेछ :

४

(क) टोल सुधार समितिको बैठकमा सर्वसम्मत निर्णय गराई बेथानचोक गाउँपालिकामा दर्ताका लागी अनुसूची -२ बमोजिमको निवेदन पेश गर्नु पर्ने। निवेदन साथ टोल सुधार समितिमा आवद्ध सदस्यहरुको नामावली, समितिको २ प्रति विधान, कार्य समितिका पदाधिकारीहरुको नामावली र नेपाली नागरिकताको प्रतिलिपी वा मतदाता परिचयपत्रको प्रतिलिपी सहित टोल सुधार समितिबाट निर्णय गरी दर्ताका लागि नियमानुसार शुल्क तिरेको सक्कलै रसिद सहित निवेदन पेश गरेमा गाउँपालिकाले अुनसूची-३ बमोजिमको टोल सुधार समिति दर्ता प्रमाण-पत्र प्रदान गर्नुपर्नेछ।

(ख) टोल सुधार समितिले यस कार्यविधि बमोजिमका उद्देश्य विपरीत कुनै काम गरेमा वा प्रचलित कानूनले गर्न नपाउने कार्य गरेमा गाउँपालिकाले टोल सुधार समितिको दर्ता खारेज गर्न सक्नेछ। दर्ता खारेज भएपछि सो स्थानमा नयाँ टोल सुधार समिति गठन हुनेछ।

९.अवधी र नविकरण :(क) वुदा नं. ८ को (क) बमोजिम प्रदान गरिएको प्रमाण-पत्र वुदा नं. ८ को (ख) बमोजिम खारेज भएको अवस्थामा बाहेक तीन आर्थिक वर्षसम्म मान्य हुनेछ। प्रमाण-पत्र जुनसुकै मितिमा प्रदान

गरेको भएतापनि तेस्रो आर्थिक वर्षको अन्त्यमा त्यस्तो प्रमाण-पत्रको अवधि समाप्त हुनेछ। साथै

टोल सुधार समितिलाई ३/३ वर्षमा नविकरण गराउनु पर्नेछ ।
(ख) टोल सुधार समितिले प्रमाण पत्रको अवधि समाप्त भएको ३ महिना भित्र रजिष्टर्ड लेखापरिक्षकबाट गराईएको लेखा परिक्षण प्रतिवेदन, कार्यसमितिको निर्णय, नविकरण शुल्क तिरेको सक्कलै रसिद सहित निवेदन पेश गरेमा नविकरण गराउनु पर्नेछ । म्याद नाघी आएका टोल सुधार समितिको नविकरण नियमानुसार विलम्ब शुल्क लिई गरिने छ ।
१०. टोल सुधार समितिको काम : टोल सुधार समितिले आफ्नो टोल क्षेत्रको समग्र सुधार र सदस्यहरुको हितका लागि देहायका कार्यहरु गर्नेछ :
(क) टोलमा धनी, गरिबको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र स्रोतमा समान अधिकार प्रदान गर्ने,
(ख) विभिन्न सरकारी एवं गैरसरकारी निकायहरुसँग समधुर सम्बन्ध स्थापित गरी टोलको सुधारको लागि सहजीकरण गर्ने,
(ग) टोलमा उद्यम सुधारसँग सम्बन्धित योजनाहरु संचालन गर्न आवश्यक सहजीकरण गर्ने,
(घ) टोलको सुधारका लागि विभिन्न स्रोतबाट प्राप्त स्रोतको उच्चतम् सदुपयोग गर्ने,
(ङ) टोलको सामूहिक समस्या पहिचान गरी प्राथमिकताको आधारमा टोल सुधार योजना तर्जुमा गर्ने,
५
(च) समाजमा रहेका विद्यमान परम्परागत सामाजिक कुसंस्कार, कुरीतिहरुको पहिचान गरी त्यस्ता असामाजिक क्रियाकलापको नियमन र नियन्त्रण गर्ने र त्यसका विरुद्ध जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने ।
(छ) टोलको आर्थिक तथा सामाजिक तथ्याङ्क अद्यावधि गर्न सूचना अभिलेख राख्ने,
(ज) सहभागितात्मक योजना तर्जुमा गर्दा प्राथमिकताको आधारमा आयोजनाहरुको पहिचान गरी वडा समितिलाई आवश्यक सहयोग गर्ने,
(झ) टोलमा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुबाट प्राप्त योजनाहरुको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने,
(ञ) टोलमा विभिन्न सरकारी तथा गैर सरकारी समिति मार्फत प्राप्त हुने कार्यक्रमहरु उपभोक्ताहरुको सहमतीमा टोल सुधार समिति मार्फत संचालन हुने वातावरण सिर्जना गर्ने,
(ट) आफ्नो वडा तथा टोललाई वातावरणमैत्री तथा बालमैत्री बनाउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने,
(ठ) टोलमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता आदी सामाजिक सरोकारका विषयमा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,
(ड) टोलमा रहेका सार्वजनिक, प्रर्ति, ऐलानी आदी जग्गाको संरक्षणमा गाउँपालिकालाई सहयोग गर्ने ।
(ढ) गाउँपालिकाको राजस्व परिचालनका लागि सहयोग प्रदान गर्ने ।
(ण) समितिमा प्राप्त रकमको समितिको नीति बमोजिम रकम खर्च गर्ने, लेखा राख्ने र लेखापरीक्षण गराउने,
(त) गाउँपालिकासँग भएको समझदारी अनुसारका अन्य कार्यहरु गर्ने ।
११. टोल सुधार समितिको कार्य समितिको बैठक : टोल सुधार समितिको कार्य समितिको बैठक व्यवस्थापन देहाय बमोजिम हुनेछ :

(क) टोल सुधार समितिका सदस्यहरुको हित, सहयोग एवं समन्वयका लागि टोल सुधार समितिको कार्य समितिको बैठक महिनामा कम्तिमा १ पटकमा नघट्ने गरी बस्नेछ ।

(ख) समितिको बैठकमा वडा कार्यालयका प्रतिनिधी, गाउँपालिकाका प्रतिनिधिहरु लगायत अन्य सरोकारवालाहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

(ग) सचिवले समितिको बैठकको निर्णयहरु बैठक पुस्तिकामा लेखी प्रमाणित गराउनु पर्नेछ ।

१२. टोल सुधार समितिका कार्यसमितिको पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार : टोल सुधार समितिका कार्यसमितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :



**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार**

१) समितिको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।

२) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।

३) बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

४) छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

५) निर्णयहरु लागू गर्ने र गर्न लगाउने ।

६) सुधारको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

७) समितिले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।

८) विशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने ।

९) कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

(ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार

१) अध्यक्षको अनुपस्थितीमा अध्यक्षको कार्य गर्ने ।

२) अध्यक्षले प्रत्यायोजन गरेका वा तोकेका अन्य कार्य गर्ने ।

३) अध्यक्षलाई सहयोग गर्ने ।

(ग) सचिवको काम, कर्तव्य र अधिकारः

१) अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।

२) एकतिहाइ सदस्यहरुले विशेष बैठकका लागि लिखित माग गरेमा विधान बमोजिम बैठक बोलाउने ।

३) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने ।

४) समितिको क्रियाकलापको बारेमा सदस्यलाई जानकारी गराउने ।

५) तोकिएका अन्य कार्य गर्ने ।

**(घ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार** :

१. समितिको आम्दानी र खर्चको विवरण तयार गर्ने ।

२. समितिको आम्दानी र खर्चको लेखापरीक्षण गराउने ।

३. बैंकमा खाता संचालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने ।

४. समितिको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

(ङ) सदस्यहरुको काम, कर्तव्य र अधिकार :

१. गाउँपालिकासँग भएको साझेदारीपत्रमा उल्लेखित शर्तअनुसार गर्नुपर्ने कामहरु गर्ने ।

२. समितिको हिसाब-किताब जाँच गर्ने ।

३. समितिका पदाधिकारीहरुले गरेका कामको मूल्याङ्कन नियमित रुपमा गर्ने ।

४. आवश्यकता अनुसार अध्यक्ष, सचिव, कोषाध्यक्षहरुलाई सघाउने ।

६. तोकिएका अन्य कार्यहरु गर्ने ।

१३. आर्थिक व्यवस्थापन : समितिको आम्दानी, खर्च, नाफा, लेखा, लेखा परीक्षण लगायत आर्थिक व्यवस्थापन देहाय बमोजिम हुनेछ :

(क) टोल सुधार समितिको आम्दानी

१) विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, विभिन्न सामुदायिक समिति तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता र अनुदान ।

२) टोल सुधार समितिले आयमूलक कार्यहरु सञ्चालन गरी प्राप्त हुने आम्दानी ।

३) समितिको सुधार निर्माणका लागि टोल सुधार कोषको रुपमा टोल सुधार समितिको आम्दानीको निश्चित प्रतिशत समितिको निर्णयानुसार छुट्याउने रकम ।

४) टोल सदस्यहरुबाट प्राप्त हुने सदस्यता शुल्क ।

५) समितिले अन्य स्रोतबाट जम्मा गरेको रकम ।

(ख) खर्च

१) समितिको सुधार निर्माणका लागि टोल सुधार कोषको रकम समितिको निर्णयानुसार खर्च हुनेछ ।

२) समिति संचालन, व्यवस्थापन र लेखापरीक्षणका लागि गर्नुपर्ने खर्चहरु टोल सुधार समितिको नीति बमोजिम खर्च हुनेछ ।

(ग) लेखा : समितिको लेखा देहाय बमोजिम हुनेछ :

१) कोषाध्यक्षले सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण सुधार खर्चको विवरण, समितिको संचालन र व्यवस्थापनमा भएको प्रशासनीक खर्चहरुको स्पष्ट लेखा राख्नुपर्दछ ।



२) कोषाध्यक्षले राखेको आम्दानी खर्चको हिसाब टोल सुधार समितिको बैठकमा पेश गर्नुपर्दछ ।

(घ) लेखापरीक्षण : समितिको लेखापरीक्षण देहाय बमोजिम हुनेछ :

१) समितिले नियुक्त गरेको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ ।

२) आवश्यकता अनुसार गाउँपालिकाले पनि समितिको आम्दानी खर्चको लेखापरीक्षण गर्न सक्नेछ ।

३) समितिले आफ्नो वार्षिक लेखापरीक्षणको प्रतिवेदन सम्बन्धित वडा कार्यालय र गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(ङ) खाता खोल्ने र संचान : समितिको खाता गाउँपालिका तथा वडा कार्यालयको सिफारिसमा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकहरुमा खोल्नु पर्नेछ र सो खाताको संचालन समितिको अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ ।

(च) टोल सुधार समितिको नाफा : टोल सुधार समितिले आर्जन गरेको आम्दानीबाट खर्च कटाई बाँकी रहेको रकम नाफा मानिने छ ।

१४. टोल सुधार समितिको अनुगमन तथा मूल्याङ्कन : टोल सुधार समितिको अनुगमन तथा मूल्याङ्कन वडा समिति र गाउँपालिकाले गर्नेछ ।

१५. बाधा अड्काउ फुकाउने : यस कार्यविधिमा कुनै बाधा अड्काउ परे गाउँ कार्यपालिकाले निर्णय

गरि फुकाउन सक्नेछ ।
१६. प्रचलित कानून बमोजिम हुने : यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।
१७. बचाउ : यस अघि प्रचलित कानून बमोजिम प्राप्त गरेका प्रमाण पत्रहरु यसै कार्यविधि बमोजिम दिईएको मानिने छ ।
१८. खारेजी : यस कार्यविधिमा भएका कुनै प्रावधान नेपालको संविधान, केन्द्रिय र प्रादेशिक कानून संग बाझिन गएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

अनुसूची-१

...................... टोल सुधार समितिको विधान

प्रस्तावना :

स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गर्दै गाउँको सामाजिक तथा आर्थिक व्यवस्थालाई एकअर्काको परिपूरकको रुपमा विकसित गरी गरिबी न्यूनीकरणका प्रयासमा ठोस योगदान पुऱ्याउने, सहभागितात्मक योजना तर्जुमा गर्ने तथा आफ्नो टोलको समग्र सुधार गर्ने वातावरण सिर्जना गर्न यो ................................ टोल सुधार समिति

नामको संस्था स्थापनार्थ बेथानचोक गाउँपालिका, टोल सुधार समिति संचालन कार्यविवि, २०८१ को बुँदा
नं. ८ को अधिनमा रही दर्ता प्रयोजनका लागी यो विधान बनाइएको छ।

**१. प्रारम्भिक :**

संक्षिप्त नाम र प्रारम्भ

क) यो विधान ........................................................ टोल सुधार समितिको विधान हुनेछ।

ख) समितिको नाम :- श्री ................................................ टोल सुधार समिति हुनेछ।

अग्रेजीमा ........................................... Tol Sudar Samiti छोटकरीमा (.......................) भनिनेछ।

ग) समितिको कार्यालय रहने ठेगाना : यस समितिको कार्यालय काभ्रेपलाञ्चोक जिल्लाको बेथानचोक गाउँपालिका वडा नं. ..........., ........................................ स्थानमा रहने छ।

घ) प्रारम्भ :- यो विधान दर्ता भएको मिति देखि प्रारम्भ हुने छ।

ङ) यस समितिको सिमाना देहाय बमोजिम हुनेछ :

पूर्व ......................................... पश्चिम ............................................

उत्तर ....................................... दक्षिण ..............................................

२. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :

१. 'समिति' भन्नाले ................................................ टोल सुधार समितिलाई सम्भनुपर्दछ।

२. 'विधान' भन्नाले टोल सुधार समितिको विधानलाई सम्भनुपर्छ।

३. 'साधारण सभा' भन्नाले समितिको साधारण सदस्यहरुको भेला सम्भनु पर्दछ।

४. 'कार्य समिति' भन्नाले यस विधान बमोजिम गठित टोल सुधार समितिको कार्यसमिति सम्भनुपर्छ।

५. 'बैठक' भन्नाले समितिको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्भनुअपर्छ।

६. 'पदाधिकारी' भन्नाले कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरुलाई सम्भनु पर्छ।

७. 'कोष' भन्नाले यस समितिको कोषलाई सम्भनु पर्छ।

३. संगठित समिति हुने :

क) समितिको आफ्नो छुट्टै छाप हुनेछ। छाप र चिन्ह अनुसूची (क) बमोजिमको ढाँचामा हुनेछ। तर समितिको नाम, छाप र चिन्ह पूर्वदर्ता भएको कुनै समितिसँग मेल खाएमा संशोधनको प्रकृयाद्धारा तुरुन्त संसोधन गरिनेछ। साथै समितिले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्नसक्नेछ।



ख) समितिले चल-अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न सक्नेछ। तर समितिले आफ्नो अचल सम्पत्ति बिक्री गर्न भने पाउने छैन। समिति विघटन भए सो समितिको सम्पूर्ण चल अचल सम्पत्ति गाउँपालिकामा हस्तान्तरण हुनेछ।

४. समितिका उद्देश्यहरु :

समितिको समितिगत, सामाजिक तथा आर्थिक सुधारका लागि देहाय बमोजिमको उद्देश्य हुनेछ :
(क) टोल, बस्तीस्तरमा विभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा टोलबासीको पहुँच अभिवृद्धी गर्ने ।
(ख) टोलबासीहरुमा उद्यमशीलताको सुधार गराई टोलस्तरमा लघु उद्यमको सिर्जना, सुधार र प्रवर्द्धन गर्ने ।
(ग) टोल बस्तीस्तरमा समानता, समताको भावना जागृत गराउने, आपसी सद्भाव, समझदारी, समन्वय र मेलमिलाप कायम गराउने, आर्थिक, सामाजिक सवालमा सबै टोलबासीहरुलाई निर्णय प्रक्रियामा समान अवसर र अधिकार प्रदान गर्ने र टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरी सुशासनलाई बढावा दिने ।
(घ) बस्ती टोलस्तरमा सबै संघ संस्थाहरुको प्रवेशद्धारको रुपमा टोल सुधार समितिलाई सुधार गर्दै विभिन्न निकायहरुबाट सञ्चालन हुने सुधार कार्यमा सहयोग गर्ने ,
(ङ) टोल सुधार समितिलाई वडाभन्दा तल्लो एकाइको रुपमा सुधार गरी सहभागितात्मक योजना तर्जुमा, अनुगमन मूल्याङ्कन प्रक्रियामा सहभागी गराउने ।
(च) टोलका सदस्यहरुमा गरिबीलाई निश्चित आधारमा वर्गीकरण गरी तिनीहरुको अभिलेख तयार गर्ने र टोलको विपन्न तथा वञ्चितीमा परेका टोलवासीहरुको क्षमता अभिवृद्धि गर्ने ।
(छ) स्वास्थ्य तथा वातावरणीय सरसफाई आदि सम्बन्धित विषयमा जनचेतना अभिवृद्धि गर्ने र टोलको भौतिक पूर्वाधार सुधार तथा निर्माण कार्यमा सकृयताका साथ एकजुट हुने ।

| | |
|---|---|
| (ज) सडक, ढल कार्यहरु गर्ने । | प्रणालीका साथै चर्पी, फोहोरमैला व्यवस्थापन प्रणालीलाई व्यवस्थित गर्न सुधारका |

(झ) टोलमा रहेका विकृती, विसंगतीहरुको पहिचान गर्ने र सोको उन्मुलनका कार्यक्रमहरु संचालन गने ।
(ञ) वातावरणमैत्री तथा बालमैत्री गाउँपालिका घोषणा गर्न आवश्यक सहयोग गर्ने ।
(ट) आफ्नो टोल वडालाई सबै किसिमबाट असल नमुना टोलको रुपमा निर्माण गर्न लागि पर्ने ।
(ठ) संघ, प्रदेश र स्थानीय सरकारको अभियानमा आवश्यक सहयोग गर्ने ।

५. टोल सुधार कार्य समितिको गठन

टोल सुधार कार्य समितिको गठन देहाय बमोजिम हुनेछ :
क) गाउँपालिका भित्रको बस्तिहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल सुधार समितिको गठन गरिनेछ ।
ख) पहिलो पटकका लागि टोल सुधार समितिको व्यापक भेलाबाट अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको एक टोल सुधार कार्य समिति गठन हुनेछ । दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पुर्नगठन हुनेछ । टोल सुधार कार्य समितिको अवधि २ वर्षको हुनेछ । एकपटक अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव भएको व्यक्ति पुनः सोही पदमा लगत्तै दुई वर्षको अवधि व्यतित नभई नियुक्त हुने छैन । कार्य समितिमा कम्तिमा ३३ प्रतिशत सदस्यहरु र अध्यक्ष, सविच वा कोषाध्यक्षहरु मध्ये कुनै एक जना अनिवार्य रुपमा महिला हुने गरि ११ जना देखी १५ जनासम्मको अनुसूची (ख) मा पदाधिकारीको नाम उल्लेख हुने गरी देहाय बमोजिमको कार्य समिति गठन गरिने छ ।
११

| | | |
|---|---|---|
| (१) | अध्यक्ष | १ जना |
| (२) | उपाध्यक्ष | १ जना |
| (३) | सचिव | १ जना |

| | | |
|---|---|---|
| (४) | कोषाध्यक्ष | १ जना |
| (५) | सदस्य | आवश्यकता अनुसार ७ देखि बढीमा ११ जनासम्म |

ग) टोल सुधार समिति गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई समेट्नुपर्दछ । यदि सो सम्भव नभए कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल सुधार समिति गठन गरिनेछ । टोल सुधार समितिमा सहभागी भएका सदस्यहरु समावेशी गरिनेछ ।

६. समितिका कार्यहरु :

टोल सुधार समितिका कार्यहरु देहाय बमोजिम हुनेछन् :

(क) टोलमा धनी, गरिबको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र स्रोतमा समान अधिकार प्रदान गर्ने,

(ख) विभिन्न सरकारी एवं गैरसरकारी निकायहरुसँग समधुर सम्बन्ध स्थापित गरी टोलको सुधारको लागि सहजीकरण गर्ने,

(ग) टोलमा उद्यम सुधारसँग सम्बन्धित योजनाहरु संचालन गर्न आवश्यक सहजीकरण गर्ने,

(घ) टोलको सुधारका लागि विभिन्न स्रोतबाट प्राप्त स्रोतको उच्चतम् सदुपयोग गर्ने,

(ङ) टोलको सामूहिक समस्या पहिचान गरी प्राथमिकताको आधारमा टोल सुधार योजना तर्जुमा गर्ने,

(च) समाजमा रहेका विद्यमान परम्परागत सामाजिक कुसंस्कार, कुरीतिहरुको पहिचान गरी त्यस्ता असामाजिक क्रियाकलापको नियमन र नियन्त्रण गर्ने र त्यसका विरुद्ध जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने ।

(छ) टोलको आर्थिक तथा सामाजिक तथ्याङ्क अद्यावधि गर्न सूचना अभिलेख राख्ने,

(ज) सहभागितात्मक योजना तर्जुमा गर्दा प्राथमिकताको आधारमा आयोजनाहरुको पहिचान गरी वडा समितिलाई आवश्यक सहयोग गर्ने,

(झ) टोलमा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुबाट प्राप्त योजनाहरुको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने,

(ञ) टोलमा विभिन्न सरकारी तथा गैर सरकारी समिति मार्फत प्राप्त हुने कार्यक्रमहरु उपभोक्ताहरुको सहमतीमा टोल सुधार समिति मार्फत संचालन हुने वातावरण सिर्जना गर्ने,

(ट) आफ्नो वडा तथा टोललाई वातावरणमैत्री तथा बालमैत्री बनाउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने,

(ठ) टोलमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता आदी सामाजिक सरोकारका विषयमा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,

(ड) टोलमा रहेका सार्वजनिक, प्रर्ति, ऐलानी आदी जग्गाको संरक्षणमा गाउँपालिकालाई सहयोग गर्ने ।

(ढ) गाउँपालिकाको राजस्व परिचालनका लागि सहयोग प्रदान गर्ने ।

(ण) समितिमा प्राप्त रकमको समितिको नीति बमोजिम रकम खर्च गर्ने, लेखा राख्ने र लेखापरीक्षण गराउने,

(त) गाउँपालिकासँग भएको समझदारी अनुसारका अन्य कार्यहरु गर्ने ।

७. सदस्यता प्राप्तीको लागी आवश्यक योग्यता :

समितिमा सदस्यता देहाय बमोजिम हुनेछ :

क) यस विधानको उद्देश्य बमोजिम समितिप्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने स्थानीय टोलबासी यस समितिको सदस्य हुनेछ ।

ख) नेपाली नागरिक भएको हुनु पर्ने ।

ग) मानसिक सन्तुलन नगुमाएको हुनु पर्ने ।

घ) सार्वजनिक सम्पतीको हिनामिना गरेको नठहरेको हुनु पर्ने ।
ङ) नैतिकपतन तथा फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय नपाएको हुनु पर्ने ।
च) सदस्य बन्न इच्छुक नयाँ टोलबासीलाई समितिले तोकेबमोजिम समितिमा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ।

८) सदस्यता नरहने

देहायको अवस्थामा सदस्य रहने छैन :
क) सदस्यको मृत्यु भएमा ।
ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन समितिले स्वीकृत गरेमा ।
ग) सदस्यता शुल्क नतिरेको वा समितिको निर्णय पालन नगरेमा समितिले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराएमा ।
घ) समितिलाई हानि-नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई समितिले सदस्यताबाट हटाउने निर्णय गरेमा ।
ङ) नेपालको प्रचलित कानुनको निषेध गरेको कार्य गरेमा ।

९. समिति गठन एवं कार्य संचालन विधि

समितिको गठन एवं कार्य संचालन विधि देहाय बमोजिम हुनेछ :
क) निश्चित भौगोलिक क्षेत्रका व्यक्तिहरुको सर्वसम्मत निर्णयबाट टोलको क्षेत्र निर्क्यौल गरेपछि त्यस टोलभित्र बसोबास गर्ने अधिकांस घरधुरीहरुको उपस्थितिमा समिति गठन गरिनेछ ।
ख) टोल सुधार समिति गठन गर्न उपस्थित भएका व्यक्तिहरुले गरेको सर्वसम्मत निर्णयको आधारमा एक-एक जना अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव र अन्य घरधुरीहरु सदस्य हुनेछन् ।
ग) समितिमा कम्तिमा ३३ प्रतिशत महिला सदस्य रहनेछन् । अध्यक्ष, कोषाध्यक्ष र सचिव मध्ये कम्तिमा १ जना महिला हुनेछ ।

१०. समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :

क) अध्यक्षको काम, कर्तव्य र अधिकार :
१) समितिको नियमित बैठक बोलाउने ।
२) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।
३) बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।
४) छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।
५) निर्णयहरु लागु गर्ने र गर्न लगाउने ।
६) सचिव र कोषाध्यक्षलाई आवश्यकता अनुसार सहयोग पुऱ्याउने ।
७) समितिले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।
८) आवश्यक कार्यमा समितिको प्रतिनिधित्व गर्ने वा गराउने ।
९) विशेष बैठकको आवश्यकता परेमा सबै सदस्यहरुको सहमतिमा बैठक बोलाउने ।

(ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार
१) अध्यक्षको अनुपस्थितीमा अध्यक्षको कार्य गर्ने ।
२) अध्यक्षले प्रत्यायोजन गरेका वा तोकेका अन्य कार्य गर्ने ।
३) अध्यक्षलाई सहयोग गर्ने ।

ग) समितिको सचिवको काम, कर्तव्य र अधिकार :

१. अध्यक्षको आदेशानुसार बैठक बोलाउने ।
२. एकतिहाइ सदस्यहरुले विशेष बैठकका लागि लिखित माग गरेमा विशेष बैठक बोलाउने ।
३. बैठक पुस्तिकामा उपस्थित गराउने ।
४. छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय प्रमाणित गराउने ।
५. समितिका क्रियाकलापका बारेमा सदस्यलाई जानकारी गराउने ।
६. तोकिएका अन्य कार्यहरु गर्ने ।
घ) समितिका कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :
१) समितिले गरेको आर्थिक कारोबारको लेखापरीक्षण गराउने ।
२) बैंकमा संयुक्त रुपमा खाता संचालन गर्ने ।
३) अन्य सदस्यहरुसँग समन्वय राखी सहयोग लिने दिने ।
४) समितिको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।
५) समितिको आम्दानी र खर्चको विवरण तयार गर्ने ।
ङ) समितिका सदस्यहरुको काम, कर्तव्य र अधिकार :
१. गाउँपालिकासँग भएको साझेदारीपत्रमा उल्लेखित सर्तअनुसार गर्नुपर्ने कामहरु गर्ने ।
२. समितिको हिसाब किताब चेक गर्ने ।
३. समितिका पदाधिकारीहरुले गरेका कामको मूल्याङ्कन नियमित रुपमा गर्ने ।
४. समिति संचालनका लागि आवश्यकता अनुसार नीति बनाउन सहयोग गर्ने ।
५. बैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने ।
११. साधारण सभाको गठन र कार्य प्रणाली
साधारण सभाको गठन र कार्य प्रणाली देहाय बमोजिम हुनेछ :
१. समितिको सम्पूर्ण सदस्यहरु रहेको एक साधारण-सभा हुनेछ ।
२. साधारण-सभाको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा समितिको उपाध्यक्ष र निजको पनि अनुपस्थितिमा समितिको जेष्ठ सदस्यले गर्नेछ ।
३) साधारण-सभा समितिको सर्वोच्च निकाय हुनेछ ।
१२. साधारण सभाको काम, कर्तव्य र अधिकार
साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :
क) समितिको साधारण सभाको सल्लाह प्राप्त गर्न उचित देखि पेश भएका विषयमा सल्लाह दिने ।
ख) आगामी वर्षका लागी लेखापरीक्षक नियुक्ति गर्ने ।
ग) समितिको लेखापरीक्षकको प्रतिवेदन पारित गर्ने ।
घ) कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।
ङ) कार्य समिति सम्बन्धमा भएका उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने ।
च) समितिको विधान संशोधन गर्ने ।
छ) आवश्यकता अनुसार सल्लाहकारको मनोनयन गर्ने ।
ज) समितिको वार्षिक कार्ययोजना स्वीकृत गर्ने ।
१३. आर्थिक व्यवस्था
क) समितिको देहाय बमोजिम आर्थिक स्रोत हुनेछ :
- सदस्यताबाट प्राप्त शुल्क ।
- सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त हुने आर्थिक सहयोग ।
- विदेशी समिति, ब्यक्ति वा अन्तराष्ट्रिय समितिबाट प्राप्त सहयोग रकम ।

● समितिको चल अचल सम्पत्तीबाट प्राप्त रकम ।

● समितिको क्रियाकलापको सिलसिलामा प्राप्त हुने आय वा पुरस्कार ।

● अन्य आम्दानी ।

ख) प्रत्येक असार मसान्तमा लेखा तयार गरी परीक्षण पश्चात् विवरण साधारण सभामा प्रस्तुत गर्ने जिम्मेवारी समितिको हुनेछ ।

ग) समितिको नाममा प्राप्त वा खरीद चल-अचल सम्पत्तिको परिचालन र प्रयोग तोकिएबमोजिम हुनेछ

१४. समितिको लेखा र लेखा परिक्षण :

क) समितिको आय ब्ययको लेखा प्रचलित कानून बमोजिम स्पष्ट तवरले राखिनेछ ।

ख) समितिको लेखा परिक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परिक्षकबाट हुनेछ ।

ग) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखतमा पनि आफै वा मातहतका कर्मचारी खटाई समितिको हिसाब किताब जाँच गर्न सक्नेछ ।

घ) लेखा परिक्षकको नियुक्ति साधारण सभाबाट हुनेछ तर प्रथम वर्ष साधारण सभा नभएसम्म लेखा परिक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ

ङ) समितिले लेखा परिक्षक प्रतिवेदन र वार्षिक कार्य प्रगती प्रतिवेदन १/१ प्रति बेथाचोक गाउँपालिकामा पेश गरिनेछ ।

१५. कार्य समिति तथा पदाधिकारीको राजीनामा

क) समितिका सदस्यहरुले आफ्नो पदबाट राजीनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछन् ।

ख) अध्यक्षले आफ्नो राजीनामा उपाध्यक्ष मार्फत समितिको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर समितिले निर्णय गरे बमोजिम हुनेछ ।

१६. कार्य समितिलाई अविश्वासको प्रस्ताव

कार्य समितिका अध्यक्ष एवं पदाधिकारीहरु उपर अविश्वास लागे यथोचित कारण देखाई समितिका ६०% सदस्यहरुले विशेष साधारण सभा राखी अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछ । अविश्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा बहुमतलाई भन्दा सर्वसम्मतलाई बढी जोड दिइनेछ ।

१७. विविध

क) विधान संशोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरेपछि साधारण सभामा पेश गरिनेछ । साधारण सभामा उपस्थित सदस्यहरुको दुईतिहाई बहुमतले विधान संशोधन हुनेछ ।

ख) प्रचलित ऐन, नियमहरुसँग बाझिएका बुँदाहरु बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

अनुसूची - क

समितिको चिन्ह तथा छाप

समितिको छाप तथा चिन्ह देहाय बमोजिम हुनेछ ।

अनुसूची - ख

समितिका पदाधिकारीहरुको नामावली

| क.सं. | नाम थर | पद | मोवाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |

समितिको छाप तथा चिन्ह देहाय बमोजिम हुनेछ ।
अनुसूची - २
टोल सुधार समितिलाई गाउँपालिकामा दर्ता गर्ने निवेदनको नमुना
मिति : ......................
श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू,
बेथानचोक, गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
ढुंखर्क, काभ्रेपलाञ्चोक ।
विषय : टोल सुधार समिति दर्ता गर्ने सम्बन्धमा ।
उपरोक्त सम्बन्धमा यस गाउँपालिकाद्वारा संचालित वडा नं. ....... को ..............................
टोलमा गठन गरिएको ...................................................................... टोल सुधार समितिलाई बेथानचोक गाउँपालिकामा दर्ता गरिदिनुहुन अनुरोध गर्दछु । यस .................................... टोल सुधार
समितिको क्षेत्र निम्न उल्लेखित चार किस्ताभित्र सीमित रहनेछ ।
पूर्व सिमाना : .............................
पश्चिम सिमाना : ..........................
उत्तर सिमाना : ..........................
दक्षिण सिमाना : ........................
निवेदक
..............................
अध्यक्षको नाम:

टोल सुधार समितिको नाम :
ठेगाना :

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत
श्री राजेन्द्र भण्डारी